# खिजीदेम्वा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खिजीफलाटे ओखलढुंगा
स्था. २०७३

पत्र संख्याः-२०७७/०७८
चलानी नं.:-

प्रदेश नं.१ नेपाल
मिति :-२०७८/१/२८

मिति २०७८/०१/२७ गते खिजीदेम्वा गाउँपालिका विपद् व्यवस्थापन समिति र खिजीदेम्वा गाउँ कार्यपालिकाको बैठक बसि कोरोना भाइरस कोभिड १९ को नयाँ भेरियन्ट सहितको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि तपसिल अनुसारको कार्य गर्ने गराउने निर्णय गरियो ।

तपसिल

- कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालय ओखलढुंगाबाट जारी निषेधाज्ञालाई सवैले पालना गर्ने गराउने ।
- कोरोना भाइरस कोभिड १९ को संक्रमण हाल तिब्र रुपमा वढी रहेको अबस्थामा यसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि खिजीदेम्वा गाउँपालिकाले यथासक्य सवै प्रकारका स्वास्थ्य सुरक्षा सतकर्ता सम्बन्धि आवश्यक व्यवस्थापनका कार्यहरु गर्ने ।
- अस्पताल, स्वास्थ्य संस्था स्वास्थ्य इकाईहरु तथा कार्यरत स्वास्थ्यकर्मीहरुलाई आवश्यक स्वास्थ्य सेवा प्रदानका लागि तयारी अबस्थामा राख्ने ।
- अस्पताल स्वास्थ्य संस्था, स्वास्थ्य इकाई सवै प्रकारका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुमा कोभिड १९ संक्रमित व्यक्तिहरुको स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने औषधी तथा यन्त्र उपकरणको व्यवस्था गर्ने ।
- गाउँपालिकामा रहेको १५ बेडको क्वारेन्टाइनलाई आवश्यकता अनुसार बृद्धि गर्ने ।
- आवश्यकताको आधारमा पि.सि.आर. र एन्टिजेन्ट परिक्षणको दायरा बढाउने ।
- सवै नागरीकहरुलाई आफ्नो दैनिक कार्य संचालन गर्दा आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्न सचेत गराउने ।
- प्रत्येक वडाको टोलबस्तीमा भारत लगाएतका अन्य मुलुक र नेपालका विभिन्न स्थानबाट प्रवेश गर्ने नवप्रवेशिहरुको हकमा :

  १। खिजीदेम्वा गाउँपालिका भित्र प्रवेश गर्नु अगाडी सम्बन्धित वडा कार्यालयमा सम्बन्धित व्यक्ति/आफन्तजन तथा घर परिवारले जानकारी गराउने ।

  २। नवप्रवेशि आफु स्वयले वा निजको सम्बन्धित व्यक्ति, आफन्तजन तथा घर परिवारले आफ्नो वडा कार्यालयमा १० दिन सम्म होम क्वारेन्टाइनमा राख्ने प्रतिवद्धता व्यक्त गर्ने ।

  ३। बिशेष गरी भारत लगाएत अन्य मुलुकबाट प्रवेश गर्नेहरुले आफ्नो घर परिवारमा प्रवेश गर्नु पुर्व सम्बन्धित स्वास्थ्य संस्थामा गई स्वास्थ्य परिक्षण गराई मात्र होम क्वारेन्टाइनमा बस्ने ।

  ४। होम क्वारेन्टाइनमा बसेका व्यक्तिको विवरण सम्बन्धित व्यक्ति, आफन्तजन तथा परिवारले सम्बन्धित स्वास्थ्य संस्था तथा वडा कार्यालयमा उपलव्ध गराउने ।

- कोही कसैलाई कोभिड १९ संग मिल्दोजुल्दो लक्षण देखा परेमा सम्बन्धित घर परिवार, आफन्तजन नातेदार घर छिमेकीले तत्काले वडा कार्यालय, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीलाई जानकारी गराई परिक्षणकालागी सम्बन्धित अस्पताल तथा स्वास्थ्य संस्थामा प्रेषण गर्ने आवश्यक सहयोग तथा समन्वय गर्ने गराउने ।
- कुनै पनि प्रकारका मानवीय भिडभाडयुक्त सभा, समारोह, बैठक, गोष्ठि, सेमिनार आदी कुनै पनि कार्य हालका लागि नगर्ने नगराउने,

सुवास पौडेल
प्रमुख प्रशासकीय अधिकृत

क्र.म.श.

# खिजीदेम्वा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खिजीफलाटे, ओखलढुंगा
### स्था:२०७३

पत्र संख्या:-२०७७/०७८ प्रदेश नं.१ नेपाल

चलानी नं.:- मिति :-२०७८/१/२८

---

- निर्माण सामाग्री, तरकारी तथा खाद्यपदार्थ, विरामी व्यक्ति तथा औषधीजन्य सामाग्री आदी खुल्ला गरिएका सवारी साधनहरु बाहेक अन्य निषेधित गरीएका कुनै पनि प्रकारका सवारी साधनहरु संचालन नगर्ने नगराउने ।
- सवै प्रकारका होटेल र रेष्टुरेन्ट, चिया तथा खाजा पसल, हार्डवयर लगाएतका व्यवसायहरु बन्द गर्ने ।
- निर्माण सामाग्री ढुवानी गर्ने सवारी साधनको हकमा सम्बन्धित कार्यालय वा आयोजनाले वडा कार्यालयको सिफारिस पत्रको आधारमा ढुवानी गर्ने गराउने।
- विवाह र मृत्युकर्मकालागि स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी बढीमा १५ जना सम्म मात्र उपस्थित हुने ।
- खाद्यन्नको कृतिम अभाव हुन नदिन अनुगमन गर्ने व्यवस्था गर्ने ।
- आवश्यकताका आधारमा खिजीदेम्वा गाउँपालिकाको मुख्य प्रवेश नाका खिजीदेम्वा १ रगनीको लिम्तीमा र अन्य स्थानमा समेत आवश्यकता हेरी चेकजाचको लागी स्वास्थ्यकर्मी सहितको सुरक्षाकर्मी परिचालन गर्ने ।
- खिजीदेम्वा गाउँपालिका स्थीत सवै वडाका टोल विकास समिति, नागरीक समाज, संघ संस्था, सरोकारवाला निकाय हरेकलाई कोरोना भाइरस(कोभिड १९)को संक्रमण रोकथाम तथा नियन्त्रण र सो संग सम्बन्धित विपद्मा आवश्यक सहयोग तथा समन्वय गर्नकालागि आव्हान गर्ने ।
- कुनै पनि स्वास्थ्य समस्या उत्पन्न भएमा चिकित्सकको परामर्श तथा चेक जाचँकालागि यस गाउँपालिकाको खिजीफलाटेमा रहेको कोरोना अस्पतालमा कार्यरत **डा. परार्थ बस्नेत** सम्पर्क नं. **९८४०००४३९७**, स्वास्थ्य शाखा संयोजक **इन्द्र प्रसाद गौतम** सम्पर्क नं. **९८५२८४०५९३** मा सम्पर्क गर्ने।
- गाउँपालिकाको एम्बुलेन्स नियमित संचालनमा रहेको हुदाँ विरामी ओसारपसार गर्नकोलागि एम्बुलेन्स चालक **प्रदिप बस्नेत** सम्पर्क नं. **९८६६२६५४९६** मा सम्पर्क गर्ने ।
- यस गाउँपालिका अन्तर्गत संचालनमा रहेका औषधी पसलहरुले कोरोना भाइरससंग मिल्दाजून्दो लक्षण देखिएका विरामीहरुको उपचार गर्दा आवश्यक पर्ने औषधीहरुको कोभिड अस्पतालको डा. वा स्वास्थ्यकर्मीको प्रेस्कीप्सन विना विक्री वितरण नगर्ने नगराउने यदी प्रेस्कीप्सन विना विक्री वितरण गरेको पाइएमा कानुन अनुसार कारवाही हुने ।

**विषेश अनुरोध :-**

जिल्ला प्रशासन कार्यालय ओखलढुंगा तथा खिजीदेम्वा गाउँपालिकाबाट विभिन्न समयमा जारी भएका सूचना तथा आदेशको पालनाका लागि सवै पक्षसंग खिजीदेम्वा गाउँपालिका हार्दिक अनुरोध गर्दछ ।

२०७८-१-२८

सुवास पौडेल

प्रमुख प्रशासकीय अधिकृत

---

"खिजीदेम्वा गाउँपालिकाको लक्ष्य: विकास,संमृद्दि र सुन्दर भविष्य"

इमेल : khijeedembarm2073@gmail.com, Website – www.khijidembamun.gov.np

Phone No. 9748642789